www.kapilvastumun.gov.np

# कपिलवस्तु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## (५नं. प्रदेश नेपाल)
तौलिहवा, कपिलवस्तु

फोन ०७६–५६०३०५/५६०२०१
फ्याक्स ०७६–५६००१९

सुचना । सुचना ॥ सुचना ॥।

प्रथम पटक प्रकाशित मिति २०७७/०६/०७

# राजश्व ठेक्का

कपिलबस्तु नगरपालिका अन्तर्गत वडा नं. १,२,३ र ४ मा रहेको बिभिन्न माछा पोखरीमा माछा पालन गर्नलाई ठेक्कामा दिनु पर्ने भएकोले तपसील अनुसारको शर्तहरुको अधिनमा रहि सिलबन्दी बोलपत्र पत्र पेश गर्नु हुन सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१) मिति २०७७/०६/२१ गते कार्यालय समय भित्र रु.१०००/(एक हजार) मात्र तिरी फिर्ता नहुने गरी बोलपत्र खरिद गर्न सकिने छ ।

२) बोलपत्र पत्र खरिद दाता नेपाली नागरिक वा इजाजत प्राप्त संघ संस्था हुनु पर्ने छ ।

३) खरिद गर्नु भएको बोलपत्र फारममा आफ्नो नाम ठेगाना कबोल गरेको अंक र अक्षर प्रष्ट लेखि सिलबन्दी गरी मिति २०७७/०६/२२ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो दर्ता हुन आएको सिलबन्दी बोलपत्र सोही दिनको २:०० बजे पछि सम्बन्धीत कार्यालयको प्रतिनिधीको रोहबरमा खोलिने छ । उक्त सिलबन्दी बोलपत्र खोलिनेसमयमा सिलबन्दी बोलपत्रदाताको उपस्थिती नरहेको खण्डमा सिलबन्दी बोलपत्र खोल्नमा बाधा हुने छैन । बोलपत्रदाताले पेश गरेको बोलपत्रमा कवोल गरेको अकं अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

४) सिलबन्दी बोलपत्र साथ आफुले कबोल गरेको अंकको ५% धरौटी हुने रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक तौलिहवा शाखामा रहेको धरौटी खाता नं.३११०१००३०३००००००२ स्थानीय तह धरौटी खातामा जम्मा गरेको प्रमाण वा नगद वा इजाजत प्राप्त बित्तिय संस्थाले जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन म्याद भएको बोल कबोल जमानी पत्र सलग्न हुनु पर्नेछ ।

५) बोलपत्र स्वीकृत भए पछि त्यस्तो बोलपत्र दाता बाट स्वीकृत ठेक्का अंकको कुल रकम तथा सोको १३ प्रतिशतले हुने मु.अ.कर र १.५ प्रतिशतले हुने अग्रिम आयकर जम्मा गरे पछि ठेक्का सम्बन्भि शर्तहरुको अधिनमा रहि सम्बन्धित ठेकेदार संग कबुलियत गराई पट्टा उपलब्ध गराइने छ ।

६) ठेक्का संझौता भए पश्चात कवोल गर्ने व्यक्ति तथा संस्थाले नगरपालिकामा व्यवसाय दर्ता गर्नु पर्ने छ ।

६) ठेक्का अवधी सम्झौता मिति देखि ५ (पांच) बर्ष सम्मको लागी हुनेछ ।

७) आंफुले कबोल गरेको ठेक रकम किस्तामा बुझाउन चाहनेले पहिलो किस्ता सम्झौता गर्नु पुर्व बुझाउनू पर्नेछ । साथै बाकी किस्ताको लागी यस कार्यालय लाई मान्य हुने गरी बैंक ग्यारेन्टी पेश हुन आए पछि मात्र ठेक्का सम्झौता गरी पट्टा (भोगचलन) गर्न पाईनेछ ।

८) कवोल रकम किस्ताको रुपमा बुझाउन चाहनेले कवोल रकमलाई ४ किस्ता कायम गरि पहिलो किस्ता बाहेकको हरेक किस्ता रकम् प्रत्येक आ.व. को श्रावण महिना सम्म बुझाउनु पर्ने छ ।

९) माछा पोखरीको पानी कृषि कार्यको लागि आवश्यक भएमा पोखरीको बीचमा ४ (चार फिट) सम्म कायम राखी सो भन्दा माथीको हकमा रोक्का गर्न पाईने छैन ।

१०) गाई बस्तु तथा अन्य चौपाया आदिलाई पानी खाना दिनु पर्नेछ ।

११) पोखरीको सरसफाई, मर्मत सुधार ठेकेदार आफैले गर्नु पर्नेछ ।

१२) माछा पोखरी ठेक्का सम्बन्धमा कुनै बाद बिबाद पर्न गएमा कार्यालयले गरेको निर्णय अन्तिम भई मान्य हुनेछ ।

१३) माछा पोखरीको वातावरण प्रतिकुल प्रभाव पर्ने कुनै कार्य गर्न पाईने छैन र माछाको रेखदेख, सुरक्षा, संरक्षण ठेकेदार आफैले गर्नु पर्नेछ ।

१४) कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनहा तथा कुनै किसिमको छुट पनि दिईने छैन ।

१५) माछा पोखरी ठेक्कामा लिए वापत नियमा अनुसार लाग्ने सम्पुर्ण कर दस्तुर ठेकेदार आफैले बुझाउनु पर्नेछ ।

१६) ठेकेदारले सम्झौताको सम्बन्धमा ठेक अनुसारको सम्पुर्ण रकम एक मुष्ट बुझाएमा औचित्य हेरी बढीमा १० प्रतिशत छुट दिन सकिने छ ।

१७) यसमा लेखिएका जति शर्तहरु यसै बमोजिम हुनेछ । यसमा कुनै कुरा छुट हुन गएको भए छुट भएको जति मात्र प्रचलित कानुन बमोजिम हुनेछ ।

नि. प्रमुख प्रशासकिय अधिकृत

## तपसील

| क. सं. | वडा नं. | मौजा | ठेक्का अवधी | न्यूनतम कबोल अंक(मु.अ.कर बाहेक) | बोलपत्र खरिद गर्ने अन्तिम मिती | बोलपत्र दाखीला गर्ने अन्तिम मिती र समय | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|
| राजश्व ठेक्का नं.१ | १ | माछा पोखरी राजपुर वडा नं.१ | आ.ब.२०७७/०७८ देखि आ.ब.२०८१/०८२ सम्म | ४२१०१/ (बयालिस हजार एक सय एक) | २०७७/०६/२१ कार्यालय समय भित्र | २०७७/०६/२२ दिनको १२ :०० बजे सम्म | १,०००/ |
| राजश्व ठेक्का नं.२ | २ | माछा पोखरी बरदहवा वडा नं.२ | आ.ब.२०७७/०७८ देखि आ.ब.२०८१/०८२ सम्म | २१५००/ (एक्काईस हजार पाच सय) | २०७७/०६/२१ कार्यालय समय भित्र | २०७७/०६/२२ दिनको १२ :०० बजे सम्म | १,०००/ |
| राजश्व ठेक्का नं.३ | ३ | औरहिया गाउको तलरी पोखरी | आ.ब.२०७७/०७८ देखि आ.ब.२०८१/०८२ सम्म | ३०,०००/ (तीस हजार) | २०७७/०६/२१ कार्यालय समय भित्र | २०७७/०६/२२ दिनको १२ :०० बजे सम्म | १,००० |
| राजश्व ठेक्का नं.४ | ३ | जमोहरा गाउको दक्षिण नहर देखि उत्तर माछा पोखरी | आ.ब.२०७७/०७८ देखि आ.ब.२०८१/०८२ सम्म | १,०३,०००/ (एक लाख तीन हजार) | २०७७/०६/२१ कार्यालय समय भित्र | २०७७/०६/२२ दिनको १२ :०० बजे सम्म | १,००० |
| राजश्व ठेक्का नं.५ | ३ | जमोहरी गाउको माछा पोखरी | आ.ब.२०७७/०७८ देखि आ.ब.२०८१/०८२ सम्म | १३,०००/ (तेरह हजार) | २०७७/०६/२१ कार्यालय समय भित्र | २०७७/०६/२२ दिनको १२ :०० बजे सम्म | १,०००/ |
| राजश्व ठेक्का नं.६ | ३ | सिकोटवा गाउको उत्तर नहर देखि दक्षिण माछा पोखरी | आ.ब.२०७७/०७८ देखि आ.ब.२०८१/०८२ सम्म | २७,०००/ (सत्ताईस हजार) | २०७७/०६/२१ कार्यालय समय भित्र | २०७७/०६/२२ दिनको १२ :०० बजे सम्म | १,००० |
| राजश्व ठेक्का नं.७ | ३ | सिकोटवा गाउको दणिण माछा पोखरी | आ.ब.२०७७/०७८ देखि आ.ब.२०८१/०८२ सम्म | १२५,०००/ (एक लाख पच्चीस हजार) | २०७७/०६/२१ कार्यालय समय भित्र | २०७७/०६/२२ दिनको १२ :०० बजे सम्म | १,००० |
| राजश्व ठेक्का नं.८ | ३ | सुखरामपुर गाउको माछा पोखरी | आ.ब.२०७७/०७८ देखि आ.ब.२०८१/०८२ सम्म | ७७,०००/ (सतहत्तर हजार) | २०७७/०६/२१ कार्यालय समय भित्र | २०७७/०६/२२ दिनको १२ :०० बजे सम्म | १,०००/ |
| राजश्व ठेक्का नं.९ | ३ | बरईनडिहवा गाउको माछा पोखरी | आ.ब.२०७७/०७८ देखि आ.ब.२०८१/०८२ सम्म | ४,५००/ (चार हजार पाच सय) | २०७७/०६/२१ कार्यालय समय भित्र | २०७७/०६/२२ दिनको १२ :०० बजे सम्म | १,००० |
| राजश्व ठेक्का नं.१० | ४ | कोदौहा गाउको माछा पोखरी | आ.ब.२०७७/०७८ देखि आ.ब.२०८१/०८२ सम्म | ८१,०००/ (एकासी हजार) | २०७७/०६/२१ कार्यालय समय भित्र | २०७७/०६/२२ दिनको १२ :०० बजे सम्म | १,००० |
| राजश्व ठेक्का नं.११ | ४ | मालपारा गाउको तलरी पोखरी | आ.ब.२०७७/०७८ देखि आ.ब.२०८१/०८२ सम्म | ५०,०००/ (पचास हजार) | २०७७/०६/२१ कार्यालय समय भित्र | २०७७/०६/२२ दिनको १२ :०० बजे सम्म | १,०००/ |
| राजश्व ठेक्का नं.१२ | ४ | पिपरी गाउको माछा पोखरी | आ.ब.२०७७/०७८ देखि आ.ब.२०८१/०८२ सम्म | ९०,०००/ (नब्बे हजार) | २०७७/०६/२१ कार्यालय समय भित्र | २०७७/०६/२२ दिनको १२ :०० बजे सम्म | १,०००/ |
| राजश्व ठेक्का नं.१३ | ४ | बिरपुर गाउको माछा पोखरी | आ.ब.२०७७/०७८ देखि आ.ब.२०८१/०८२ सम्म | २२,७००/ (बाईस हजार सात सय) | २०७७/०६/२१ कार्यालय समय भित्र | २०७७/०६/२२ दिनको १२ :०० बजे सम्म | १,००० |
| राजश्व ठेक्का नं.१४ | ३ | बरगदवा गाउको माछा पोखरी | आ.ब.२०७७/०७८ देखि आ.ब.२०८१/०८२ सम्म | ४५,०००/ (पैतालिस हजार) | २०७७/०६/२१ कार्यालय समय भित्र | २०७७/०६/२२ दिनको १२ :०० बजे सम्म | १,००० |

नोट : यस सुचनाको जानकारी कपिलवस्तु नगरपालिका नगर कार्यपालिकाको सुचना पाटीमा वा नगरपालिकाको website: kapilvastumun.gov.np वा राजश्व शाखामा सम्पर्क गरी जानकारी लिन / प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत